ISSN NO . 2676–1297

# सहनशीला सुशीला नाटकमा नारी उत्पीडन

**डा.कलावती रूपाखेती** *

***अध्ययनसार***

*प्रस्तुत अनुसन्धानात्मक लेखमा नारीवादी सैद्धान्तिक मान्यताअन्तर्गत नारी उत्पीडनका आधारहरू प्रस्तुत गरिएको छ। पितृसत्तात्मक सामाजिक संरचनाभित्र नारीले झेल्ने उत्पीडनलाई जैविकीय आधार तथा सामाजिक-सांस्कृतिक आधारमा विभाजन गरेर तत्सम्बन्धी सैद्धान्तिक मान्यताको प्रस्तुति यसमा गरिएको छ।नाटकको परम्परागत पितृसत्तात्मक सामाजिक संरचनाभित्र निर्मित लैङ्गिक विभेदका कारण उनीहरू उत्पीडित भएका छन्। जैविकीय आधारमा तथा सामाजिक-सांस्कृतिक आधारमा उनीहरूले उत्पीडन झेलेको देखिएको छ। यस नाटकको प्रमुख भूमिकामा रहेकी सुशीला र अर्की पात्र बाटुलीले नारी भएकै कारण समाजमा स्वतन्त्र भएर बाँच्न पाएका छैनन्। सुशीलाले आफ्नो पतिको अन्याय र अत्याचार सहन बाध्य भएकी छे। उसको पक्षमा आफ्ना दाजु र बाबुले समेत साथ दिएका छैनन्। किनकी ऊ नारी भएको कारणले उसको पक्षमा नउभिई उल्टै जुवाइँको पक्षमा वकालत गरेकोबाट प्रष्ट देखिन्छ। उपर्युक्त सैद्धान्तिक मान्यताका आधारमा नाटककार भीमनिधि तिवारीको सामाजिक नाटक सहनशीला सुशीलामा प्रयुक्त नारी उत्पीडनको विश्लेषण गरिएको प्रस्तुत लेखमा नाटककार तिवारीले आफ्नो यस नाटकमा नारी उत्पीडनको प्रस्तुतिका माध्यमबाट स्थापित पुरातनवादी मूल्यमान्यतामा परिवर्तन हुनुपर्ने आशय व्यक्त गरेको निष्कर्ष निकालिएको छ।*

**शब्दावली** : जैविकीय, पितृसत्ता, उत्पीडन, सांस्कृतिक मूल्य, पुरातनवादी।

## १.विषयपरिचय

भीमनिधि तिवारी (वि.सं. १९६८-२०३०) नेपाली साहित्यका विविध विधाका स्थापित स्रष्टा हुन्। उनले वि.सं. १९९१ को गोरखापत्रमा ‘सूर्यघाट’ शीर्षकको कविता प्रकाशन गरेर साहित्यिक यात्रा आरम्भ गरेका हुन्। यद्यपि उनी नाटककारका रूपमा परिचित छन्। वि.सं. १९९५ सालमा *सहनशीला सुशीला* नाटकबाट नाट्ययात्रा आरम्भ गरेका उनका *काशीवास* (१९९८), *पुतली* (१९९८), *किसान* (२००३), *नैनीकाराम* (२००४), *आदर्श जीवन* (२००८), *विवाह* (२०१०), *सत्यहरिशचन्द्र* (२०१३), *सिद्धार्थ गौतम* (२०१३), *नौकर* (२०१४), *शिलान्यास*(२०२३), *चौतारा लक्ष्मीनारायण* (२०२४), *माटोको माया* (२०२७), *महाराज भूपतीन्द्र*(२०२८) र *आत्महत्या*(२०३३) पन्ध्रवटा पूर्णाङ्की नाटक तथा पाँच ऐतिहासिक एकाङ्की (२००८), एकाङ्की पल्लवी (२०११), एकाङ्की कली (२०१८) र इन्द्रधनुष (२०२७), चारवटा एकाङ्कीसङ्ग्रह प्रकाशित छन्।

नाटककार तिवारी मूलतः सामाजिक आदर्शोन्मुख यथार्थवादी नाटककारका रूपमा चिनिन्छन्। उनका नाटकहरूमा नेपाली नारीका स्वभाव, विचार र स्वभावको प्रस्तुतीकरण गरिएको पाइन्छ। पितृसत्तात्मक सामाजिक संरचनाभित्र स्थापित लैङ्गिक विभेदका कारण महिलावर्गले अनेक प्रकारका उत्पीडन भोग्नु परिरहेको विश्व परिवेशअन्तर्गत पश्चिमी जगत्‌बाट लैङ्गिक विभेद र तत्‌जन्य उत्पीडनका विरुद्ध राजनीतिक रूपमा नारीवादी आन्दोलन भएको देखिन्छ। साहित्यमा नारीवादका नामले स्थापित यस मान्यताले नारीलाई केन्द्रमा राखेर साहित्य सिर्जना र

---

* लेखक त्रिभुवन विश्वविद्यालयअन्तर्गत त्रिचन्द्र क्याम्पसका उप्राध्यापक हुन्।

समालोचना गरिनुपर्ने धारणा अघि सारेको छ। नारीवादी मान्यता पछिल्लो समयमा साहित्यिक क्षेत्रमा स्थापित नवीन चिन्तन हो । साहित्यमा नारीवादका नामले चिनिएका यस मान्यताले

परम्परागत साहित्यले नारीलाई यथोचित स्थान दिन नसक्नुका साथै उनीहरूका भावना र मुद्दाहरू पनि सम्बोधन गर्न नसकेको भन्दै नारीलाई नारीकै कोणबाट हेरिनुपर्छ भन्ने धारणा राख्दछ। नारीवादी चिन्तनअन्तर्गतसमाजको हरेक क्षेत्रमा नारीमैत्री व्यवहारको माग गरिन्छ। यसले साहित्यमा पनि यस्तै भावाभिव्यक्तिको अपेक्षा राखेको हुन्छ।

भीमनिधि तिवारीको *सहनशीला सुशीला* नाटक नारी पात्र तथा तिनका समस्यालाई प्रधानता दिएर लेखिएको नाटक हो। पितृसत्तात्मक सामाजिक संरचनाभित्र सुशीला र बाटुलीजस्ता नारी पात्रहरूले भोग्नुपरेको लैङ्गिक, सामाजिक, सांस्कृतिक उत्पीडनको सशक्त प्रस्तुति रहेको यो नाटक नारीवादी चिन्तनका दृष्टिले महत्त्वपूर्ण मानिन्छ। प्रस्तुत अनुसन्धानात्मक लेखमा उनको यस नाटकलाई नारीवादी मान्यताअन्तर्गत नारी उत्पीडनका कोणबाट विश्लेषण गरिएको छ।

**२.विश्लेषणको ढाँचा**

प्रस्तुत अनुसन्धानका लागि पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरेर विश्लेषणात्मक विधिबाट त्यसको विश्लेषण गरिएको छ। भीमनिधि तिवारीको *सहनशीला सुशीला* नाटकलाई आधार सामग्रीका रूपमा लिएर नारीवादअन्तर्गत नारी उत्पीडनसम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा उपर्युक्त नाटकमा प्रस्तुत नारी उत्पीडनका सन्दर्भहरूको विश्लेषण गरिएको छ। नारीवादी सैद्धान्तिक मान्यताका आधार(क) जैविकीय आधार (ख) सामाजिक तथा सांस्कृतिक आधारमा नाटकको विश्लेषणगरिएको छ।

**३.नारीवादअन्तर्गत नारी उत्पीडन**

नारीवादको जन्म तथा स्थापना पश्चिमी जगत्मा भएको हो। त्यसैले यस सिद्धान्तलाई पश्चिमको देन पनि मानिन्छ। पूर्वमा होस् या पश्चिममा नारीहरूको इतिहास लगभग उस्तै देखिन्छ। तुलनात्मक रूपमा हेर्दा पश्चिमा समाजभन्दा पूर्वीय समाज संस्कृति तथा दर्शनमा नारीप्रति अनुदार मानिन्छ। यो मान्यता सर्वाभौम र सर्वकालिक नभए पनि समाज विकासको ऐतिहासिक सन्दर्भमा हेर्दा सत्यको नजिक देखिन्छ। सुरुका वैदिक युगमा महिलाहरू सम्मानित तथा स्वतन्त्र भए पनि पछि क्रमशः उनीहरूलाई अधिकारविहीन बनाउँदै लगिएको देखिन्छ। प्राचीन वैदिक समाजमा नारीको स्थान उच्च रहेको कुराको पुष्टि वैदिक ऋचाहरूको रचनामा रहेको नारीको सहभागिताबाट हुन्छ। उत्तरवैदिक कालमा आएर नारीहरूको अधिकार खोसिँदै आएको कुरा वैदिक इतिहासले देखाउँछ।

समाज विकासको प्रारम्भिक चरणमा महिला तथा पुरुष बराबरीको दर्जामा देखिन्छन्। आफ्नो समूह तथा समाजमा उनीहरूले गरेको योगदान तथा निर्वाह गरेको भूमिकाले उनीहरूको स्थान निर्धारण गरेको पाइन्छ। *विमिन इन प्रिहिस्ट्री* पुस्तकमा मार्गरेट इरेनवर्गले प्रागैतिहासिक कालका महिलाको अवस्थाका बारेमा खोजी गरेकी छिन्। समाज विकासको प्रारम्भिक चरणमा रहेको सिकारी युगमा महिला र पुरुषको भूमिका भिन्न भए पनि त्यसको महत्त्व समाजमा देखिन्छ भन्ने तथ्य अघि सार्दै उनले भनेकी छिन्- सामूहिक जीवनयापनको चरणमा महिलाहरू सन्तान उत्पादन गर्न तथा तिनको स्याहार गर्नमा बढी समय दिन बाध्य भए। यसले गर्दा पुरुषवर्गको उनीहरूको सिकार आदि सहकार्यमा कमी हुँदै गयो। यसले महिला तथा पुरुषको कार्यक्षेत्र तथा समूहगत भैमिकामा भिन्नता ल्याएको देखिन्छ (इरेनवर्ग, सन् १९९२, पृ.४०)। समाज विकासको चरणसँगै महिलालाई दिइएको भूमिकाका कारण उनीहरूको स्थान खस्कँदै गएको हो।

समाज विकासको ऐतिहासिक अध्ययनले बहुसङ्ख्यक महिलाको स्थान तथा भूमिका प्रारम्भमा उच्च रहेको देखाउँछ। कालन्तरमा उनीहरूको स्थान तथा भूमिका स्खलित भएको देखिन्छ। जुनसुकै भूगोल, समाज, जातजाति, धर्म दर्शन आदिमा पुरुषकै बोलबाला हुनु र त्यहाँसम्म नारीको पहुँच नहुनुले सामाजिक, आर्थिक, धार्मिक-सांस्कृतिक आदि नीति नियम पनि पुरुष अनुकूल नै बनाइए। पुरुषद्वारा रचित धार्मिक ग्रन्थहरूले आफ्नो आधिपत्य दीर्घकालसम्म

टिकाइराख्नका लागि नारीहरूमाथि असीमित बन्देजहरू बनाउँदै गए। यसरी चारैतिरबाट अधिकारविहीन र निरीह बनाइएका नारीहरू त्यसैमा सीमित बन्नुलाई आफ्नो धर्म र कर्तव्यको परम्परा मान्दै आए। यही पद्धतिमा रहेर चल्नुलाई नैतिकता मानिँदै आयो।

अठारौँ शताब्दीको मध्यतिर अमेरिका र युरोपबाट नारी र पुरुषबीच समान अधिकारका लागि आरम्भ भएको राजनैतिक आन्दोलन नारीवादको आरम्भ थियो। अमेरिकामा महिलाहरूले मताधिकार तथा सामाजिक समानताको माग गर्दै नारीवादी आन्दोलनको आरम्भ गरेका थिए भने युरोपका महिलाहरूले नागरिकता तथा श्रमिक महिलाहरूको पेसागत समानता र सुरक्षाका सन्दर्भमा यसलाई अगाडि बढाएको देखिन्छ। राजनैतिक आन्दोलन र सङ्घर्षका साथ अपेक्षित उपलब्धिहरू पनि हासिल गर्दै अघि बढिरहेको नारीवादी अभियानले बिस्तारै साहित्यमा प्रवेश गरेको देखिन्छ। नारीवादी साहित्य समालोचनाका नामले परिचित नारीवादले साहित्यमा नारीको उपस्थिति, नारीलाई प्रस्तुत गर्ने दृष्टिकोण तथा प्रयुक्त भाषाको व्याख्या विश्लेषण गर्दछ। विश्वपरिवेशको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक परिवर्तनसँगै नारीवाद पनि एकल मान्यतामा सीमित नरहेर विभिन्न धारा-उपधारामा विभाजित हुन पुग्यो। यसै सन्दर्भमा महिला र पुरुषबीच समानताको आग्रहका साथ क्रान्तिकारी परिवर्तन नभई सुधारको अवधारणाबद्ध भई आर्थिक स्वामित्वका सन्दर्भमा मार्क्सवादी धारा देखिएको छ। यसै गरी क्रान्तिकारी परिवर्तनमा आस्था राख्ने महिलाहरू सुधारको अपेक्षा नभई विद्रोहका माध्यमले अधिकार प्राप्तिको विश्वासका साथ आमूल नारीवादी धारामा विभाजित हुन पुग्यो। आमूल र मार्क्सवादी नारीवादका बीचबाट समाजवादी नारीवादी धाराको उदय भयो। नारीवादले नवीन दृष्टिकोण प्रस्तुत गर्ने क्रममा यसमा अनेक उपधाराहरू पनि देखापरे। लिङ्ग भेदको मनोविश्लेषणात्मक व्याख्या प्रस्तुत गर्दै मनोविश्लेषणात्मक नारीवाद देखा पर्‍यो। यसका साथै उत्तर संरचनावादी र उत्तरआधुनिक उपधारा तथा तिनका पनि विभिन्न हाँगाबिँगामा नारीवाद फैलिरहेको छ। जुनसुकै नारीवादी मान्यताको केन्द्रमा पितृसत्तात्मक सामाजिक संरचना तथा त्यसभित्रको नारी उत्पीडन नै रहेको देखिन्छ। यसै सन्दर्भमा विशेष गरी नारीको जैविकीय संरचना, आर्थिक अवस्था, पारिवारिक सम्बन्धभित्रको तहगत अवस्था, सामाजिक-सांस्कृतिक परिवेश, यौनिकता आदिजस्ता आधारहरूमा परम्परागत समाजभित्र नारीहरूले उत्पीडन भेलिरहेको देखिन्छ। प्रस्तुत अनुसन्धानात्मक लेखमा जैविकीय तथा सामाजिक-सांस्कृतिक आधारमा मात्र विश्लेषण गरिएको छ।

### ३.१ जैविकीय आधार

अङ्ग्रेजी शब्द 'जेण्डर' को नेपाली रूपान्तरण लैङ्गिकता हो। यसले मानिसमा अन्तर्निहित जैविक गुणहरूका साथै सामाजिक विशेषतामा भएका भिन्नतालाई बुझाउँछ। बेलायती लेखक तथा समाजशास्त्री आन ओक्लेले *जेण्डर एण्ड सोसाइटी*मा लेखेका छन्- लिङ्ग शब्दले महिला तथा पुरुषबीचको जैविकीय भिन्नतालाई बुझाउँछ भने लैङ्गिकले नारीत्व र पुरुषत्वलाई बुझाउँछ, जुन सामाजिक-सांस्कृतिक पक्षसँग सम्बन्धित हुन्छ (ओक्ले, सन् १९८५, पृ. १६)। लैङ्गिकता महिला र पुरुषको यौनिक पक्षसँग नभई उनीहरूको भूमिकासँग सम्बन्धित रहेको देखिन्छ।

लैङ्गिक समाज तथा संस्कृतिद्वारा तय गरिएको महिला र पुरुषबीचको भिन्नता हो। रबर्ट स्टोलरले आफ्नो पुस्तक *सेक्स एन्ड जेण्डरः अन द डेभलपमेन्ट अफ मेसकुलिनिटी एन्ड फेमिनिटी*मा जेन्डर शब्दको प्रयोग असङ्ख्य मानवीय व्यवहार भावना, विचार तथा स्वैरकल्पनाको जटिलतालाई सङ्केत गर्दै यो प्राथमिक रूपमा जैविक पक्षसँग सम्बन्धित नभएको भन्ने सन्दर्भमा गरेका छन् (स्टोलर, सन् १९६८, पृ.१९ )। कुनै पनि समाजले त्यहाँ स्थापित मूल्यहरूका आधारमा महिला र पुरुषको भूमिका निर्धारण गर्नुका साथै उनीहरूका लागि भिन्नाभिन्नै अधिकार तथा बन्देजहरू पनि निर्माण गरिदिएको हुन्छ।

महिलाले जन्मजात लिएर आउने शारीरिक संरचना उसको जैविकीय अवस्थाअन्तर्गत पर्दछ। जसका कारण ऊ पुरुषभन्दा फरक हुन्छे। सामाजिक परिवेशले महिला तथा पुरुषका लागि छुट्टाछुट्टै लैङ्गिक भूमिका निर्धारण गरेको हुनाले शरीर संरचनाको भिन्नता तथा त्यसमा निहित विशेषताका कारण उसले विभेद भेल्नुपर्ने हुन्छ। समाज विकासको

प्रारम्भिक चरणमा लैङ्गिक विभेद नभएको र पछि क्रमशः यस्तो विभेदको आरम्भ भएको मानिन्छ। प्रागैतिहासिक कालका फिरन्ता स्त्रीहरू शक्तिशाली हुनाका साथै उनीहरूले कडा परिश्रम गर्दथे भन्ने विचार व्यक्त गर्दै सिमोन द बुभायरले आफ्नो पुस्तक *द सेकेन्ड सेक्स*मा लेखेकी छिन् :

"महिला शक्तिसम्पन्न मात्र नभएर उर्वरा पनि थिई। उसमा भएको प्रजननको क्षमता पुरुषमा थिएन। महिलाको यही विशेषता र क्षमतापछि उसको दासताको मूल कारक पनि बन्यो। मासिकधर्म, गर्भाधान एवम् प्रसवजस्ता जैविक घटनाहरूले उसको कार्यक्षमता ह्रास गर्दै गए। यस्तो समयमा उसले पूर्णतः पुरुषप्रति निर्भर हुनुपर्दथ्यो। खतराको सामना गर्न तथा भोजन र सुरक्षाका लागि पनि नारीलाई पुरुषको आवश्यकता पर्दथ्यो। त्यो समयमा गर्भनिरोधको कुनै साधन नभएको र प्रकृतिले उसलाई बन्ध्या पनि नबनाएको हुँदा ऊ यसबाट पृथक् रहन सकिन। निरन्तरको सन्तानोत्पादनले उसको शक्तिमा ह्रास आयो...गर्भवती, प्रसुति आदि बाध्यताका कारण महिलाले काममा समान सहभागिता जनाउन पाउँदिनथी' (बुभायर, सन् १९५६, पृ.८८)। सन्तानोत्पादनको प्रकृतिप्रदत्त गुणका कारण महिलाहरूको शारीरिक श्रमको क्षमता पुरुषका तुलनामा घट्दै जान थाल्यो। सौन्दर्य, कोमलता, भावुकता, मातृत्व, ममता आदिजस्ता विशेषताका कारण महिला पुरुषभन्दा भिन्न हुन पुगे। महिलाको जैविकीय अवस्थाका कारण उसले पाएका केही भिन्न विशेषताहरू उसका लागि उत्पीडनका कारक बनेका देखिन्छन्। जैविकीय विशेषताका कारण उसले निर्वाह गर्नुपर्ने भूमिकाका आधारमा पितृसत्ताद्वारा उसमाथि उत्पीडनको आरम्भ भएको मानिन्छ।

### ३.१.१ **'सहनशीला सुशीला' नाटकमा जैविकीय उत्पीडन**

भिन्न प्रकारको शरीर संरचना अर्थात् जैविकीय अवस्थाका कारण हुने नारी उत्पीडनको प्रस्तुति यस नाटकमा भएको छ। सुशीलाका माध्यमबाट यसलाई अभिव्यक्त गरिएको छ। उमेर अवस्थाअनुसार मानिसमा विपरीत लिङ्गीय आकर्षणको नियम पुरुष र महिला दुवैमा हुन्छ तर महिलाको आकर्षण र चाहनाको सीमा उसको पतिसम्म मात्र सीमित हुन्छ तर पुरुषको चाहना र प्राप्तिका लागि कुनै सीमा तोकिएको हुँदैन। जैविक संरचनाका आधारले भिन्न दुईथरी मान्छेबीच विद्यमान लैङ्गिक विभेदका मारमा महिलावर्गमात्र पर्दछन् भन्ने कुरा सुशिला र बाटुली दुई नारी पात्रको पीडाबाट प्रष्टिएको छ।

सुशिलालाई उसको पति ज्वाइँले दिनदिनै पीडा दिएर दुःख दिन्छ। उसले गरेको अन्याय अत्याचारलाई सहेर बसिरहेकी हुन्छे। ज्वाइँले आफ्नी घरकी अप्सरा जस्ती बुढीलाई धोका दिएर बाहिर केटीसँग लागेर आफ्नो भएभरको सारा सम्पत्ति लुटाइसक्दा पनि उसलाई कसैले प्रतिवाद गर्दैन। सुशीलाले ज्वाइँको अन्याय अत्याचार सहेर बस्नुपरेको छ। उसले आफ्नो श्रीमान् बाहेक अरू पुरुषको कल्पनासम्म गर्न सक्दिन किनकी ऊ नारी भएको कारणले। अत्याचारी लोग्नेले यातना दिएर घरबाट निकाल्दा पनि उसको विरोध नगरी उल्टो उसकै नाममा आफ्नो सतीत्वलाई बचाउन भगवान्सँग प्रार्थना गरेकी छे। यसको साक्षी उसैको प्रस्तुत अभिव्यक्ति बनेको छ : 'यो रातको बीच म अकेली अबला ! निस्पट्ट अन्धकार हातका औँला देखिँदैनन्। बिजुली हाँसीहाँसी बाटो देखाइरहेछ। मेघ रोई रोई आँसुले भिजाइरहेछ। यी चारै दिशातिर सडक, जान्दिन कहाँ-कहाँ पुगिने पो हो, के हुने हो मेरो भविष्य। जगदीश ! जाओस् बरु मेरो जीवन तर मेरो सतीत्व कुनै पापी पुरुषद्वारा कुनै हालतमा पनि जान नपाओस् भगवान् ! जान नपाओस् यो मेरो सतीत्व' (तिवारी, २०६५, पृ. ४२)। सुशीला नारी भएकै कारणले भगवान्सँग आफ्नो सतीत्वलाई जोगाइ राख्ने प्रण गरेकी छे।

आफूले बाँच्ने आधार खोज्दै जाँदा पनि आफ्नो सतीत्वलाई जोगाउन सक्ने आधार खोज्दै मनमनै भन्छे- 'राम !! नोकरी गरुँ कसको ? यो मेरो सतीत्व ! कुनै धनीकहाँ जाऊँ, उसको धन छ तर चरित्र छैन। कैयौँ बालबिधुवा अवलाहरूले धनीको आश्रयमा जाँदा, आफ्नो अमूल्य सतीत्वको नाश गरिरहेछन्। यस्तो अत्याचार आँखाभरिभरि देखिरहेछु, कानभरिभरि सुनिरहिछु। नोकरी ? धनीको होइन, कदापि होइन। नोकरी त गर्छु तर गरीब भिक्षुक बाहुनको, चाँदीको कोपरा, सूची उठाउने सट्टा तावाँको कुँडी, शालिग्रामको जल उठाउँला : कारचोबी रेशमी सारी चुनाउने सट्टा रामनामीको खस्रो पछ्यौरा पट्याउँला, पुरुषको पाउ दाबेर रेडियो, रिकार्ड सुन्ने सट्टा बुइँगलको कुनामा कुचो लगाउँदै लगाउँदै

शङ्खघण्टको ध्वनि सुनुँला । तब भगवान् ! रहना यो मेरो सतीत्व' (पृ. ४३) । यसबाट के प्रष्ट हुन्छ भने महिलाको सबैभन्दा ठुलो धन नै सतीत्व रहेको कुरा व्यक्त भएको छ । जैविकीय आधारले गर्दा नै महिलाको मात्र इज्जत हुनुपर्ने, त्यही इज्जतमा धमिल्याउन पुरुष लागि रहने र दोषी उल्टै महिलालाई ठहऱ्याउने कारणले यस नाटकका नारी पात्रहरू केवल नारी भएका कारण यस्तो उत्पीडन झेल्न बाध्य रहेका छन् । यो उनीहरूमाथिको जैविक उत्पीडन हो ।

### ३.२ सामाजिक तथा सांस्कृतिक उत्पीडन

समाजमा स्थापित भएर रहेका सामाजिक तथा सांस्कृतिक मूल्य मान्यताहरूबाट पनि नारीहरू उत्पीडित भएका हुन्छन् । समाजले महिला र पुरुषका लागि फरकफरक नियमहरूको व्यवस्था गरेर सोही अनुरूप चल्नुपर्ने बाध्यता बनाइएको हुन्छ । समाजमा पुरुषहरू जुनसुकै उमेर वा अवस्थाको भए पनि स्वतन्त्र रूपमा हिँड्ने, डुल्ने, बस्ने, मोजमस्ति गर्ने, काम गर्ने स्वतन्त्रता पाएको हुन्छ तर महिलाका लागि भने निश्चित सामाजिक बन्देजहरूको व्यवस्था गरिएको हुन्छ । छोरीमान्छे एक्लै हिँड्डुल गर्न नहुने, पुरुषहरूको सङ्गतमा रहन नहुने, सामाजिक जमघट भेलामा उपस्थित हुन नहुने तथा बोल्न नहुने यदि भेलामा जमघटमा उपस्थित भएर केही बोलेमा उल्टै शङ्काको घेरामा पर्ने आदि कुराहरू केवल महिलाका लागि हुन्छन् । आदिकालको समाज तथा संस्कृतिमा महिलाको स्थान उच्च रहेको पाइन्छ । कालान्तरमा महिलाको त्यो स्थान खस्कँदै गएर महिलालाई दोस्रो दर्जा दिइएको विचार राख्दै बुभायरले *द सेकेन्ड सेक्स*मा भनेकी छिन् : 'ऋग्वेदका ऋचाहरूमा नारीको वन्दना रहेको पाइए तापनि ब्राह्मण युगमा आएपछि त्यसको ह्रास भएको देखिन्छ । वेदकालीन महिलालाई प्राप्त शक्ति र सत्ता पुराणकालमा आएर देखिँदैन । क्रमशः उसको स्थितिलाई हीन बनाउँदै लगेर कालान्तरमा समाज सदा पुरुषको रह्यो, राजनैतिक शक्ति र सत्ता पनि सदा पुरुषको हातमा रह्यो । उर्वरा जमिनको स्वामी पुरुष प्रजनन क्षमता भएकी नारीको पनि स्वामी बन्न पुग्यो र उसले प्रकृतिको जस्तै नारीको पनि शोषण गर्न थाल्यो । अन्ततः पुरुषको अधीनता नारीको नियति बन्न गयो र नारीले पाउने सम्मान पुरुषप्रदत्त हुन पुग्यो । जुन देवीरूपी स्त्रीका सामु पुरुष झुक्थ्यो त्यसको निर्माता ऊ स्वयम् भएको देखिन्छ । नारीलाई देवी बनाएर पूजा गर्न सक्ने पुरुषमा देवीलाई अस्तिनत्वविहीन बनाउने सामर्थ्य पनि थियो' (बुभायर, सन् १९५६, पृ. ९५-९६) । उनले नारी कसरी उत्पीडन हुन बाध्य भए भन्ने कुरालाई स्पष्ट पारेकी छिन् ।

त्यस्तै पितृसत्ताले नारीलाई कहिले देवीको रूपमा त कहिले दासी बनाएर आफ्नो अधीनमा राखेको हुनाले ऊ सामाजिक तथा सांस्कृतिक रूपमा परतन्त्रमा बस्न बाध्य बन्न पुगेको धारणा उनले राखेकी छिन् । पितृसत्तात्मक सामाजिक संरचनाभित्र सत्ता र शक्ति दुवै पुरुषका हातमा हुनाले सामाजिक नीति नियम, मूल्य मान्यता सम्पूर्णलाई पुरुषले आफू अनुकूल बनायो । धार्मिक र सांस्कृतिक नियमका विभिन्न बन्धन बनाएर त्यस बन्धनमा महिलालाई मात्र बाँधियो र पुरुष स्वतन्त्र रहे । पाप, दण्ड, सजाय आदि पनि नारीकै लागि मात्र निर्माण गरियो । जसको फलस्वरूप नारी सामाजिक तथा सांस्कृतिक रूपले उत्पीडित रहँदै आएका छन् ।

#### ३.२.१ 'सहनशीला सुशीला' नाटकमा सामाजिक तथा सांस्कृतिक नारी उत्पीडन

यस नाटकमा नारी पात्रहरूले सबैभन्दा बढी उत्पीडन सामीजक तथा सांस्कृतिक मान्यताका कारण खेप्न बाध्य भएका देखिन्छन् । नाटकको मुख्य भूमिकामा रहेकी सुशीला आफ्नो पतिबाट शारीरिक र मानसिक पीडा सहेर बाँच्न बाध्य भएकी छ । आफूले भोगेको दुःख र पीडा माइतीलाई सुनाउन सकेकी छैन । उसको दुःख पीडा सुसारे बखतीले माइतीका बाबु र दाजुलाई सुनाउँदा पनि वास्ता नगरेर उल्टै छोरी र बहिनीलाई नै दोषी देख्ने समाजको यथार्थ चित्रण रहेको पाइन्छ ।

सुशीलालाई ज्वाइँसाहबले मरणासन्न हुने गरी पिट्ने र अनेक यातना दिएको कुरा सुसारेले बताएपछि कर्नेल्नी त्यस्तो अवस्थामा छोरीलाई घरमा नछोडी माइतमै राख्ने कुरा कर्नेललाई गर्छिन् । तर कर्नेलले त्यो कुराको ठाडै विरोध गरी छोरीलाई विवाह गरेर नदिई घरमा राख्ने र विवाह गरेकी छोरीलाई फिर्ता ल्याएर राख्दा समाजले कुरा काट्ने र आफ्नो इज्जत जाने जस्ता कुरामा अडिग रहेको देखिन्छ । छोरीलाई फिर्ता ल्याए राख्न नसक्ने नभएको तर समाजको नियम र बन्धनले त्यसो गर्न नदिएको आशय उसले आफ्नी पत्नी कर्नेल्नीलाई भनेको प्रस्तुत भनाइले व्यक्त गरेको छ : 'कस्तो कुरा

नबुझेकी बूढी तिमीले । सारा दुनियाँ पाल्न सक्ने राजाले आफ्ना छोरी पाल्न सक्दैन र ? किन जुवाइँको घरमा पठाइदिन्छन् ? लोकको भनाइ हुन्छ के गर्छौ ? पाँच मिल्दो हुनुपर्छ' (पृ. ४) । समाजमा पुरुषले पत्नीलाई जति यातना दिए पनि वास्ता नगरी सहेर बाँच्न बाध्य हुनुपर्ने बाध्यकारी नियम देखिन्छ । मर्न पनि नसक्ने, बस्न पनि नसक्ने परिस्थितिमा घर छोडेर हिँड्दा पनि माइतीपक्ष र घरको इज्जतको ख्याल गर्नु पर्ने बाध्यता नारीलाई मात्र बनाइएको छ । त्यही जुवाइँले घरमा श्रीमतीलाई यातना दिएर आफू जाँड, रक्सी, जुवातास र रण्डीवाजी गरेर हिँड्दा पनि उसलाई कुनै नियमले बाँधेको देखिँदैन । कर्नेल्नीले जुवाइँलाई बोलाएर ल्याई गाली गर्नु पऱ्यो भन्दा उल्टै जुवाइँलाई गाली गर्न नहुने बरु बिन्तिभाउ गर्नु पर्ने कुरा कर्नेलको ठूलो छोराले आमालाई भन्छ भने कर्नेल पनि छोरीले घरमा आफ्नो माइतीको धाक र रवाफ लोग्नेलाई देखाउने होइन भन्दै निहुरिने जातसित निहुरिनु पर्छ भन्ने भनाइबाट सामाजिक तथा सांस्कृतिक रूपमा नै पुरुषले जे गरे पनि सहेर बस्न बाध्य बनाइएको यथार्थ प्रष्ट रहेको छ ।

त्यस्तै यस नाटकको अर्की महिला पात्र बाटुली आफ्नो पति बाहिर रहेको अवस्थामा गाउँकै अर्को पुरुषसँग सम्बन्ध राखेकी हुन्छे । उनीहरूको सम्बन्धलाई लिएर गाउँघरमा चर्चा परिचर्चा हुन्छ । पछि उसको पति सेतेलाई पनि सुनाइन्छ । समाजले बाटुलीलाई दोषी ठहऱ्याएर गाउँबाट निकाल्ने निर्णय गर्छन् तर त्यही पुरुष जुठे बाटुलीसँगको सम्बन्धमा उसलाई कुनै कारवाही गरिँदैन । यस्ता सामाजिक मूल्य र मान्यतामा पुरुषलाई सबै कुरामा छुट गरी महिलालाई मात्र दण्ड र सजायको भागिदार बनाउनुले नारीले सामाजिक तथा सांस्कृतिकबाट पनि उत्पीडन हुनु परिरहेको छ ।

धार्मिक एवम् सांस्कृतिक मान्यताको स्थापनामा पुरुष वर्गको प्रधानता रहने हुँदा उनीहरूले धर्म संस्कृतिलाई आफू अनुकूल रूपमा स्थापित गरेको पाइन्छ । यसो हुनाले यस्ता धार्मिक-सांस्कृतिक मूल्य मान्यताहरू पुरुषको पक्षधर र महिलाप्रति अनुदार भएको देखिन्छ । समाजमा स्थापित धार्मिक-संस्कृति मूल्य मान्यताले महिलाका लागि पतिवर्ता धर्म तय गरेका हुनाले विवाहित महिलालाई पति परमेश्वर मान्दै उसका जेजस्ता व्यवहारलाई पनि पत्नी धर्मका नाममा शिरोधार्य गर्नु पर्ने बाध्यात्मक परिवेश यस नाटकमा पनि देखिएको छ । यसै अनुरूप नाटककी नारी पात्र सुशीला आफूलाई लोग्नेले घरबाट निकाली दिएपछि माइतीको शरणमा जान सक्दिन । माइतीमा गयो भने हेला हुने र आफ्नो लोग्नेको पनि इज्जत जाने डरले बरु कुनै नोकरी गरेर बाँच्ने निर्णय गरेकी छे । यसरी नोकरी गर्दा पनि धनीमानीका आश्रयमा जाँदा आफ्नो अस्तित्व लुटिने डरले गरीब भिक्षुक बाहुनकहाँ जाँदा आफू सुरक्षित भइने विश्वास गरेर आश्रयमा गएकी छे । यसरी पापधर्म कर्तव्य नैतिकता आदिजस्ता आदर्श तथा डरत्रास पनि केवल महिलाका हकमा मात्र लागु हुन्छन् । यस नाटकमा सहनशीलाले जीवनको अन्तिम क्षणसम्म अडिग रहेको कुराबाट पनि प्रष्ट देखिएको छ ।

**४. निष्कर्ष**

भीमनिधि तिवारीको *सहनशीला सुशीला* नारीवादी सैद्धान्तिक मान्यताअन्तर्गत नारी उत्पीडनका कोणबाट विश्लेषण गर्दा यसका नारी पात्रहरू उत्पीडित अवस्थामा रहेका देखिन्छन् । नाटकको परम्परागत पितृसत्तात्मक सामाजिक संरचनाभित्र निर्मित लैङ्गिक विभेदका कारण उनीहरू उत्पीडित भएका छन् । जैविकीय आधारमा तथा सामाजिक-सांस्कृतिक आधारमा उनीहरूले उत्पीडन झेलेको देखिएको छ । यस नाटकको प्रमुख भूमिकामा रहेकी सुशीला र अर्की पात्र बाटुलीले नारी भएकै कारण समाजमा स्वतन्त्र भएर बाँच्न पाएका छैनन् । सुशीलाले आफ्नो पतिको अन्याय र अत्याचार सहन बाध्य भएकी छे । उसको पक्षमा आफ्ना दाजु र बाबुले समेत साथ दिएका छैनन् । किनकी ऊ नारी भएको कारणले उसको पक्षमा नउभिई उल्टै जुवाइँको पक्षमा वकालत गरेकोबाट प्रष्ट देखिन्छ । यस नाटकका नारी पात्रहरू सामाजिक-सांस्कृतिक आधारबाट सर्वाधिक उत्पीडित देखिएका छन् । परम्परागत समाजमा नारीले भोग्नुपरेका अनेक उत्पीडनको प्रस्तुति गरेर नाटककारले नाटकमा प्रयुक्त पुरुष पात्रहरूका माध्यमबाट पुरातन सामाजिक मूल्य मान्यतामा परिवर्तन भई नारीमैत्री मान्यता स्थापनातर्फ सङ्केत पनि गरेका छन् । त्यसैले नारी उत्पीडन प्रस्तुतिका आधारमा यो नाटक सशक्त देखिएको छ ।

**सन्दर्भसूची**

इरेनवर्ग, मार्गरेट (सन् १९१२). *विमिन इन प्रिहिस्ट्री.* (दोस्रो संस्क.). ब्रिटेन : ब्रिटिस म्युजियम पब्लिकेसन्स ।

उपाध्याय, केशवप्रसाद (२०६७). *नेपाली नाटक र नाटककार.* (दोस्रो संस्क.). ललितपुर : साझा प्रकाशन ।

ओक्ले, अनन (सन् १९८५). *सेक्स जेण्डर एन्ड सोसाइटी.* एडर सर्ट गोबर ।

तिवारी, भीमनिधि (२०६५). *सहनशीला सुशीला.* (एघारौँ संस्क.). काठमाडौँ : साझा प्रकाशन ।

बुभायर, सिमोन दि (सन् १९५६). *द सेकेन्ड सेक्स.* लन्डन : लो एन्ड ब्राइडन प्रिन्टर्स लिमिटेड ।

भट्टराई, घटराज (२०४०). *भीमनिधि व्यक्ति र कृति.* (दोस्रो संस्क.). ललितपुर : साझा प्रकाशन ।

स्टोलर, रोबर्ट जे. (सन् १९६८). *सेक्स एन्ड जेन्डर : अन द डिभलोपमेन्ट अफ मस्कुलिनिटी एन्ड फेमिनिटी.* लन्डन : होगर्थ प्रेस ।

**Email : kalasharma013@gmail.com**